स्थानीय सरकार

# धुर्कोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बबोंट, गुल्मी

प.सं.२०८३/०८४ लुम्बिनी प्रदेश, नेपाल

च.नं.

मिति:२०८३/०५/१५

सूचना नं: ४०

श्री वडा कार्यालय सबै (१-७),

धुर्कोट गाउँपालिका गुल्मी ।

विषय: तीज गीत तथा सांस्कृतिक कार्यक्रम स्थगित गरिएको सूचना सम्बन्धमा।

यस धुर्कोट गाउँपालिकाको चालु आर्थिक वर्षमा विभिन्न वडाहरूमा सञ्चालन हुँदै आएका वडा तथा पालिकास्तरीय तीज गीत तथा सांस्कृतिक कार्यक्रमहरु हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा, चितवनलगायतका जिल्लाहरूमा ठूलो जनधनको क्षति भएको बेहोरा अवगत नै छ।विपद्का कारण धेरै नागरिक प्रभावित भएको दु:खद् परिस्थितिलाई मध्यनजर गर्दै प्रभावित परिवार तथा नागरिकप्रति ऐक्यबद्धता, सहानुभुति एवं संवेदना प्रकट गर्न यस वर्ष वडा तथा गाउँपालिका स्तरमा आयोजना गरिने तीज गीत तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन नगर्ने/स्थगित गर्ने निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, यस विपद्को कठिन परिस्थितिमा अनावश्यक खर्च तथा औपचारिक मनोरञ्जनात्मक कार्यक्रम नगरी विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा सहयोगमा आवश्यक समन्वय र सहयोग गर्न समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध धुर्कोट, हाम्रो शान"

Mobile No. 9857067917,Email:dhurkotmun@gmail.com,website:www.dhurkotmun.gov.np